नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

**(पत्रकार वृत्ति कोष स्थापनाका लागि 'क' वर्गको वाणिज्य बैंक छनौटको सूचना)**

सूचना प्रकाशित मितिः २०७५/ ०४ /०५ दाखिला गर्नुपर्ने अन्तिम मितिः २०७५/०४/१९

**<u>प्रस्ताव सम्बन्धी शर्तहरुः</u>**

१. प्रस्ताव सम्बन्धी फाराम विभागको वेबसाइट www.doinepal.gov.np बाट डाउनलोड गरी प्रस्तावदाताले अन्य आवश्यक कागजात सहित विभागमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

२. प्रस्तावको प्रत्येक पृष्ठमा प्रस्तावदाताले दस्तखत गरी बैंकको छाप लगाएको हुनुपर्नेछ ।

३. नेपाल राष्ट्र बैंकबाट प्राप्त क वर्गको वाणिज्य बैंकको इजाजतपत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

४. प्रस्तावको खाम बाहिर लाहाछाप संख्या उल्लेख गर्ने र प्रत्येक जोर्निमा आधिकारिक व्यक्तिले सहि गरेको हुनुपर्नेछ । साथै खामको बाहिर **पत्रकार वृत्तिकोष स्थापना सम्बन्धी प्रस्ताव** उल्लेख गर्नुपर्नेछ ।

५. प्रस्ताव दर्ता गर्ने कार्यालयको नाउँमा **नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, सञ्चारग्राम, तिलगंगा** उल्लेख गर्नुपर्नेछ । साथै प्रस्ताव दाखिला गर्ने बैंकको नाम ठेगाना पनि स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

६. पत्रकार वृत्ति कोषमा जम्मा भएको रकमको व्याज रकम जम्मा गर्ने प्रयोजनका निमित्त छुट्टै कल खाता खोलि दिनु पर्नेछ ।

७. उक्त कलखातामा कोषको व्याज रकम मासिक रुपमा जम्मा हुने व्यवस्था मिलाउनु पर्नेछ । कल खाताबाट विभागले आवश्यकता अनुसार रकम झिक्न सक्नेछ ।

८. प्रस्ताव सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन वा सो दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा दिनको १२ बजे प्रस्तावदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस

विभागमा खोलिनेछ । प्रस्तावदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभए पनि उक्त दिन र समयमा प्रस्ताव खोल्न सकिनेछ ।

९. रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१०. कुनै प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस विभागमा निहित रहनेछ ।

११. यस सम्बन्धमा अन्य थप केही बुझ्नु पर्ने भएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

१२. उल्लेखित शर्तहरु बाहेक अन्य शर्तका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।